नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा

फोन नं. : ४२६१४३६
४२६२२३८
Web Site: www.dohs.gov.np

टेकु, काठमाडौं, नेपाल ।

प.सं. २०७८/०७९ च.नं. ६४०

मितिः २०७८/०९/०६

श्री प्रदेश स्वास्थ्य आपूर्ति ब्यवस्थापन केन्द्र, ७ वटै

**बिषय : जान्सन खोप संचालन ब्यवस्थापन सम्बन्धमा ।**

प्रस्तुत विषयमा कोभिड-१९ रोग रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारको नीति अनुरुप निरन्तररुपमा कोभिड-१९ विरुद्धको विभिन्न खोपहरुको प्रभावकारी रुपमा अभियानहरु संचालन गरिरहेकोमा आभार ब्यक्त गर्न गर्दछु ,। यसै सन्दर्भमा हालै कोभ्याक्स सुविधा मार्फत २१ लाख मात्रा **Janssen (J&J)** खोप प्राप्त भएको र सो खोप तहां मातहतको स्वास्थ्य कार्यालय र स्थानिय तहको आवश्यक्ताको आधारमा उपलब्ध गराई कार्यक्रम सचालन गर्न संलग्न विवरण अनुसार एकमुष्ट उपलब्ध गराइएको छ। उपलब्ध खोप वितरण तथा खोपको प्रयोग तपशिल बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

तपशिल :

१. **खोपको प्रयोग अवधि** : खोप भायलमा म्याद गुज्रिने मिति उल्लेख भएता पनि +२$^0$ देखि +८$^0$ डिग्रीमा तापक्रममा भण्डारण गरे पछि **म्याद गुज्रिने नयाँ मिति ३० अप्रिल २०२२** हुने भएकोले सो अवधि सम्म मात्र प्रयोग गर्न मिल्ने छ ।

२ .यो खोपलाई धैरे देशहरुमा मान्यता दिने भएकोले , अहिले सम्म कुनै पनि खोप नलगाएका १८ वर्ष र सो माथिका सवै उमेर समुह, विशेष गरि वैदेशिक रोजगार तथा विभिन्न प्रयोजनको लागि विदेश जाने नागरिकहरुलाई प्राथमिकता दिई खोप दिने ब्यवस्था गर्न गराउन हुन ।

३. खोप उपलब्धता र मौजदातको आधारमा मात्र १८ वर्ष र सो माथिका सवै उमेर समुहमा दिने ब्यवस्था गर्न गराउन हुन ।

खोप उपलब्ध गराउने प्रकृया :

खोपको उपलब्धता तथा मौज्दातको आधारमा अभियानहरु मार्फत तथा यस अघि जानकारी गराए अनुसार जिल्ला भित्र निरन्तर कोभिड-१९ विरुद्धको खोप दिन तोकिएका खोपकेन्द्रहरु बाट विशेषगरि विदेश जाने नागरिकहरुलाई निरन्तर खोप उपलब्ध गराउने ब्यवस्था गर्न गराउनु हुन ।

खोप आपूर्ति ब्यवस्थापन र कार्यक्रम संचालन :

प्रदेश स्वास्थ्य आपूर्ति ब्यवस्थापनकेन्द्र बाट जिल्लाको माग अनुसार खोप उपलब्ध गर्ने ब्यवस्थापन गर्नेगराउनु हुन र यो खोप वितरण तथा सचालन विशेष गरि धैरे आवतजावत गर्ने राजधानी, सदरमुकाम, मुख्य शहरहरु, ब्यापारिककेन्द्र आदि स्थानहरुलाई प्राथमिकतामा राखि वितरण तथा कार्यक्रम सचालन ब्यवस्था गर्न गराउनुहुन ।

विवेक कुमार लाल
निर्देशक

बोधार्थ

श्रीमान् सचिवज्यू , स्वास्थ्य तथा जनसँख्या मन्त्रालय अवगतार्थ अनुरोध

श्रीमान् सचिवज्यू , प्रदेश स्वास्थ्य तथा जनसँख्या/सामाजिक विकास मन्त्रालय ७ वटै प्रदेश : आवश्यक समन्वयको लागि

श्री प्रदेश स्वास्थ्य निर्देशनालय ७ वटै : आवश्यक सहयोग , समन्वय र सहजिकरणको लागि

श्री स्वास्थ्य कार्यालय ७७ वटै : आवश्यक समन्वय र ब्यवस्थापनको लागि

# J& J Vaccine distribution list

| S.N. | Name of PHLMC | No.of vaccine in doses | J & J vaccine Vial |
|---|---|---|---|
| 1 | PHLMC, Biratnagar | 350,000 | 70,000 |
| 2 | PHLMC, Janakpur | 350,000 | 70,000 |
| 3 | PHLMC, Hetauda | 150,000 | 30,000 |
| 4 | 10 district, CVS, Teku | 300,000 | 60,000 |
| 5 | PHLMC, Pokhara | 175,000 | 35,000 |
| 6 | PHLMC, Butwal | 250,000 | 50,000 |
| 7 | PHLMC, Nepalgunj | 75,000 | 15,000 |
| 8 | PHLMC, Dhangadi | 200,000 | 40,000 |
| 9 | CVS, Sotre | 326,650 | 65,330 |
| | **Total** | **2,176,650.0** | **435,330** |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

निर्देशक